प्रस्ताव नं १ कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागी समुदायमा स्वयनसेवक परिचालन सम्बन्धी मार्गदर्शन स्वीकृत सम्बन्धमा ।

निर्णय नं १ प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारबाट जारी गरिएको कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागी समुदायमा स्वयमसेवक परिचालन सम्बन्धी मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

प्रस्ताव नं २ ढुवानी भाडा भुक्तानी दिने सम्बन्धमा ।

निर्णय नं २ प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं ३ को स्वीकृत कार्यक्रम अन्तर्गतको राहत बितरणमा तहाँका नागरिकहरुबाट लिइएको ढुवानी भाडा वडापालिकाको सिफारिश बमोजिम उपर्युक्ततालाई समेत मध्येनजर गरी गाउँपालिकाको विपद कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं ३ क्वारेन्टिनमा बस्ने नागरिकहरुलाइ दिइने सेवा सुबिधाका सम्बन्धमा ।

निर्णय नं ३ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाका तोकिएका क्वारेन्टिनमा बस्ने नागरिकहरुका लागी खाना र खाजा गरी दैनिक ४०० का दरले बिल बमोजिम भुक्तानी हुने गरी व्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ रातो झन्डा गाड्ने सम्बन्धमा

निर्णय नं ४ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा भारत, तेस्रो मुलुक लगायत बेजिल्लाबाट यस गाउँपालिकामा आई तोकिएको लकडाउनको समयमा बसोबास गर्ने नागरिकहरुको घरमा होम क्वारेन्टिन प्रयोजनका लागि तोकिएको दिनसम्म रातो झन्डा राख्ने व्यबस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं ५ बाँझो जग्गाको उपयोग गर्ने सम्बन्धमा ।

निर्णय नं ५ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा कोरोना संक्रमण थप फैलिइन सक्ने र यसले खाध्य संकट समेत निम्तिन सक्ने विषयलाई मध्येनजर गर्दा बिगत दुइ वर्षदेखि बाँझो रहेको जग्गामा तपशील बमोजिम खेतीपाती गरेमा तपशील बमोजिमको अनुदान दिने व्यवस्था गर्ने निर्णय गरियो

तरकारी तथा फलफूलखेति -प्रतिरोपनी २ हजार

खाध्यान्न उत्पादन -प्रतिरोपनी ३ हजार

साथै अनुदान लिने प्रयोजनाका लागि मात्र बाँझो जग्गाको उपयोग गरेको पुष्टि हुन गएमा गाउँसभाबाट तोकेबमोजिम हुने गरी १ रोपनी बराबर वार्षिक रु ५० का दरले हुन आउने भुमीकर लिन गाउँसभामा पेश गर्ने ब्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ राहत वितरण गर्ने प्रयोजनका लागी तथ्यांक संकलन गर्ने सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ६ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बिबिध कारणले राहत प्राप्त गर्न छुट्न गएका नागरिकहरुको यस निर्णय भएको ४ दिनभित्र तथ्यांक संकलन गरी गाउँपालिकामा सबै वडाले बिबरण पेश गर्नुपर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत